कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक ३ | ने. सं. ११३१ दिल्लाथ्व षष्ठी बुधवा: २०६८ असार २२ गते बुधवार (Jul- 6, 2011) | मुल्य : ५/- (न्यातका)

कीनपाको सवालमा नागरिक समाजका अगुवाहरूको एउटै स्वर

पारिश्रमीक नलिएका कारण काम अधुरो

कीर्तिपुर/सन्देश

कीर्तिपुर नगरपालिकामा हाल सम्म भएको संरचना अनुसार दलिय संयन्त्रमा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधिहरूले बैठक भत्ता अथवा पारिश्रमिक नलिएका कारण जुन आवश्यकता अनुसार काम गर्न नसकिरहको कीर्तिपुरका नागरिक समाजका अगुवाहरूले बतएका छन् ।

गत शनिवार नेवा: स्वायत्त राज्य मंका: परिषद् कीर्तिपुरको आयोजनामा कीर्तिपुर नगरपालिकाको नयाँ आर्थिक वर्ष २०६८/०६९ का लागी नयाँ बजेटको सवालमा भएके कार्यक्रममा नागरिक समाजका अगुवाहरूले सो कुरा बताएका हुन् । पांगा दोवाटोस्थित कृष्ण क्याटरिङमा भएको सो कार्यक्रममा नागरिक समाजका अगुवा एवं मंका: परिषद्का सल्लाहकार डा. शिवशरण महर्जनले कीर्तिपुरमा क्रियाशिल राजनीतिक दलका नेताहरू बीच राजनीतिक सहमति नभएका कारणले नगरपालिकाको तर्फवाट आवश्यकता अनुसार काम गर्न नसकिरहेको बताउदै भन्नु भयो 'दलिय संयन्त्रमा जाने नेताहरूले अहिले सम्म पनि बैठक भत्ता

अथवा पारिश्रमीक नलिइ जिम्मेवारी पनि बहन नहुने साथै जिम्मेवार ी नभएपछि काम पनि नभइरहेको हो ।'

उहाँले नगरपालिकाको तर्फवाट अन्य कुरामा भन्दा पनि अहिलेको अवस्थामा पूर्वाधार बनाउने सवालमा बढि ध्यान दिनुपर्ने बताउँदै कीर्तिपुरका लागि विकास निर्माण गर्न सरकारी रेडबुकमा योजना राख्नका लागी कीर्तिपुरमा क्रियाशिल दलहरूले गर्न नसकेकोप्रति दु:खेसो पोख्नु भयो । *बाकि ९ पेजमा*

कीर्तिपुरवासीलाई उपकुलपतिमा नियुक्ति गर्न माग

कीर्तिपुर/सन्देश

नेवा: स्वायत्त राज्य मंका: परिषदले एक विज्ञप्ति प्रकाशित गरि हालै त्रि.वि.वि.मा लामो समयदेखि उप-कुलपति नियुक्तिमा भएको ढिलाईको बारेमा ध्यानाकर्षण भएको उल्लेख गर्दै सो पदमा कीर्तिपुरवासीलाई नियुक्त गर्न माग गरेको छ । मंका: परिषदका अध्यक्ष मण्डलका संयोजक पंचलाल महर्जन अध्यक्ष मण्डलका सदस्यहरू राममान सिंह, नजरराम महर्जन र कृष्णहरि महर्जनले हस्ताक्षर गरी जारी गरेको प्रेस विज्ञप्तिमा सो माग गरेको हो । २०१३ सालमा स्थानीय कीर्तिपुरवासीलाई रोजगारी लगायत त्रिविको लागी आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी नियुक्ति गर्दा प्राथमिकता दिने समझदारी भए अनुसार हाल कीर्तिपुरमा उप कुलपतिका लागी सक्षम व्यक्तित्व रहेको कारणले सो पदमा कीर्तिपुर वासीलाई नै नियुक्ति गर्न माग गरेको उल्लेख गरेको छ ।

सन्देश मित्र 'नगरपालिका अनुदान संचालन कार्यविधि २०६७' र किनपा पेज २

कीर्तिपुर नगर पालिकाप्रति कीर्तिपुर बासीहरूको नजर पेज ३

अदालतवाट सफाई पाएका नजररामलाई स्वागत पेज ९

नागरिक अनुगनम समिति गठन पेज १०

अन्ततः अन्जुले आत्महत्या गरेको ठहर पेज १०

हार्दिक बधाई

यस विद्यालयका छात्र श्री समित जङ्ग खड्काले २०६७ सालको परीक्षामा ९२.२५ प्रतिशत अंक प्राप्त गरी दक्षिण भेगीय सर्वोत्कृष्ट छात्र भई विद्यालयको इज्जत प्रतिष्ठालाई उँचो बनाउने कार्यमा निरन्तरता दिनु भएकोमा उहाँ प्रति हार्दिक बधाई तथा भविष्यको उत्तरोतर प्रगतिको शुभ कामना ।

समित जङ्ग खड्का

प्रिन्सिपल

तथा

विद्यालय परिवार

उज्ज्वल शिशु निकेतन एकेडेमी

सहिदपथ, पाँगा, कीर्तिपुर

फोन: ४३३०३००

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

S.L.C., + 2 / Campus मा समेत उत्कृष्ट नतिजा हासिल गर्न सफल यस मङ्गल उच्च मा.वि. तथा बहुमुखी क्याम्पस कीर्तिपुरमा कक्षा ११ मा भर्ना खुल्यो, सिट सिमित छ ।

Faculty:

- Management
- Education
- Humanities

Subjects:

- Hotel Management
- Computer Science
- Mass Communication

- कक्षा सञ्चालन श्रावण १ गते देखि हुनेछ ।
- सम्पर्क समय: विहान ६ बजेदेखि ११ बजेसम्म

मङ्गल उच्च मा.वि.

मङ्गल बहुमुखी क्याम्पस

कीर्तिपुर, फोन नं : ४३३०५४४

प्रकाशक:
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
व्यवस्थापन
निरजमान सिंह, भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी

थाक्
शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
ज्याकु:
निखासी त्वा: किपू नपा-३
फोन ल्या: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com

;Dkfbs!o

नयाँ संविधान र राज्य पुनर्संरचना

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको नयाँ बन्ने संविधानको मूल विषय राज्यको पुनर्संरचना हो । राज्य पुनर्संरचनाको सवालमा नै अहिलेको अवस्थामा संविधानसभामा प्रतिनिधित्व गर्ने ठूला देखि साना दलहरूलाई समेत टाउको दुखाईको विषय मात्र भइरहेको छैन कि यहि विषयलाई लिएर र ाजनीतिक खेल गर्ने नेताहरूपनि नभएका हैनन् । तत्कालिन अवस्थामा जनयुद्ध र शान्तिपूर्ण जनक्रान्ति (दोस्रो जनआन्दोलन २०६२/६३) को मूल मर्म भनेकै राज्यद्वारा लामो समयदेखी बहिस्करणमा पारेका समुदायलाई राज्यको हरेक निकायमा पुऱ्याउन विशेष अधिकार अथवा अग्राधिकार सहितको स्वायत्तता, स्वशासन तथा जातीय उत्पीडनबाट मुक्त गर्ने मुद्दा हो भन्ने कुरामा कसैको पनि दुईमत छैन होला । त्यसैले अहिलेको अवस्थामा मूल रूपमा राज्यको पुनर्सर चना गर्ने प्रमुख एजेण्डा बनेको छ ।

आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम तथा राज्यद्वारा बहिस्करणमा पारिएका समुदायले सो मुद्दालाई आफ्नो अस्तित्वको मुद्दाको रूपमा लिएर आ–आफ्नो पहिचान सहितको संघीय राज्यमा हक अधिकार सुनिश्चित हुनुपर्ने र आत्मनिर्णयको अधिकारको आवाज उठाइरहेका छन् । संविधानसभाको राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँड समितिले पहिचानको आधारमा राज्य अर्थात प्रदेशहरू निर्माण गर्ने भन्ने विषय सर्वसहमतिवाट परित गरी नेवाः स्वायत्त प्रदेश सहितको १४ प्रदेशको खाका समेत बहुमतबाट पारित गरेपछि नै नेपालका ब्राम्हणवादी राजनीतिक दलका नेताहरूका साथ साथै अन्य क्षेत्रका अगुवाहरूलाई टाउको दुखाइको विषय बनेको हो । सोही समयदेखी नै विषेश गरी नयाँ संविधान निर्माणका सवालमा दलका नेताहरूले बास्तबमा राज्य पुनर्संरचनाको सवालमा विवादित भएको दावी गर्दै विभिन्न बहानामा संविधान निर्माणको सवालमा आयोग बनाउने कुरा उठाउँदै ओझेलमा पर्ने प्रयास गर्दै आइरहेको सवैलाई थाहा भएकै कुरा हो । यो वीचमा शान्ति प्रक्रिया पूरा गर्ने विषयलाई समय समयमा उठाउने गर्दै आएको पाइन्छ । बास्तवमा जब जब राज्य पुनर्संरचनाको सवालमा राज्यद्वारा बहिस्करणमा परिएका समुदायले सशक्त ढंगबाट आवाज उठाउन थाल्छ त्यहि समयमा शान्ति प्रक्रियालाई बहाना बनाउँदै संविधान निर्माणको विषयलाई ओझेलोमा पार्ने गर्दै आइरहेको देखिन्छ । अतः अहिलेको मूल एजेण्डा राज्य पुनर्संरचनाको सवालमा दलका नेताहरू नै अस्पष्ट भएका कारणले नै संविधान निर्माणको सवालमा ढिलो भईर हेको कुरालाई सम्पूर्ण नेपालीले बुझेर बहुसंख्यक जनताको भावनालाई मध्यनजर गर्दै राजनीतिक दलका नेताहरूलाई आ–आफ्नो ठाउँबाट दबाव दिनुपर्ने समय आएको छ भन्दा केहि फरक पर्दैन होला ।

सम्पादकलाई पत्र

नेपालभाषाको पनि स्तम्भ चाहियो

सम्पादक ज्यू

कीर्तिपुर क्षेत्रवाट कीर्तिपुरका आदिवासी नेवार समुदाय र विभिन्न जिल्लाबाट अध्ययनका लागि वस्दै आएका एवं लामो समयदेखी नै कीर्तिपुर वस्दै आएका गैर नेवार समुदायलाई जोड्ने पुलको रूपमा काम गर्न र कीर्तिपुरको सचित्र विवरण तथा विश्लेशन गरी समाचर, लेख एवं अन्य सामग्री प्रकाशीत गरेको यस कीर्तिपुर सन्देश साप्ताहिक पत्रिका हेर्न पाउँदा हामीलाई खुसी लागेको छ । त्यसमा पनि नेपालीभाषाको माध्यमवाट नेपालभाषा सिक्ने स्तम्भ समेत राखेका कारण झन खुसी लाग्नु स्वाभाविक नै हो ।

यस पत्रिकामा प्रकाशक नजरराम महर्जन र सम्पादक श्रीकृष्ण महर्जन दुबै जना कीर्तिपुरमा नेवाः स्वायत्त राज्य मंकाः परिषद्मा क्रियाशिल मात्रै नभई एक हिसावले नेवाः आन्दोलनमा सक्रिय भूमिका खेल्दै आएका र पत्रकारीत क्षेत्रमा लामो समयदेखि लाग्नु भएका व्यक्तित्वहरू भनी हामीले चिनेका छौं। तपाईहरूले नेपाली भाषामा समेत पत्रिका निकाल्नु भयो तर तपाईहरूको इतिहासलाई पनि ख्यालमा राखेर यस पत्रिका भित्र केही स्तम्भ भएपनि नेपालभाषामा पनि राख्नुभयो भने अझ राम्रो हुने हाम्रो सुझाव छ ।

– भुवन, रामेश्वर, कुमार, नरेश र कीर्तिपुरवासी नेवार

'नगरपालिका अनुदान संचालन कार्यविधि २०६७' र किनपा

सरबकुमार महर्जन

नेपाल सरकारबाट नगर पालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकाय/ कार्यक्रम/ आयोजना बजेट जिल्ला विकास समितिबाट प्राप्त हुने राजस्व बाँडफाँड र अन्य अनुदान नगरपालिकाको स्वआर्जन विकास, साझेदारी र राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई समन्वय गरी एकीकृत गरी सर्वसाधारण जनता, विशेषत गरीब, महिला, बालबालिका, सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएको वर्ग र समुदाय एवं क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी स्रोत साधानको अधिकतम परिचालन र समान तवरबाट सहज, पारदर्शी, उत्तर दायित्व, समावेसी, न्यायोचित दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यलाई सहयोग पुऱ्याउनको लागि स्थानीय स्वायत्त शासन ऐन २०५५ ,२३४ को दफा २३६ ले दिएको अधिकार प्रयोग गर ी नेपाल सरकारबाट "नगरपालिका अनुदान संचालन कार्य विधि २०६७ " तर्जुमा गरी लागु गरिएको छ । गत आर्थिक वर्षदेखि लागु गराउन खोजेको यो कार्यविधिलाई व्यवहारमा लागु गर ाउनको लागि नगरपालिका आफै र स्थानीय विकास मन्त्रालयबाट पनि पटक पटक कार्यविधि वारे अभिमुखिकरण कार्यक्रम पनि गरेको छ । तर अन्तमा आएर यो कार्यविधिलाई लत्याउँदै नगर पालिकाको योजना तर्जुमा समिति दलिय सहमति र भागवण्डामा योजना तर्जुमा समिति गठन गरेको देखिन्छ। के यसले नगरपालिका अनुदान संचालन कार्यविधि निष्पक्षयतालाई त उपहास गरेको छैन ?

"नगरपालिका अनुदान संचालन कार्यविधि २०६७" मा उल्लेख भए बमोजिम सर्वसाधारण, विभिन्न संघसस्था, नागरिक समाजबाट सबैको योजना तर्जुमा समितिमा पहुँच पुऱ्याउन नसक्ने भएको छ । यसको ज्वलन्त उहाहरणको रुपमा हालै आर्थिक वर्ष २०६८/०६९ को लागि गठन गरेको भनिएको नगरपालिका योजना तर्जुमा समितिमा त्यो प्रक्रिया पुऱ्याएको देखिदैनन् । जस्ले गर्दा त्यहाँ वास्तविक रुपमा बालबालिका, महिला, जनजाती, दलित, उद्योग बाणिज्य र संघसंस्थाहरूको उचित पहुँच पुग्ने अवस्था देखिदैन र तदनुरुप कुनै नगरस्तरीय छलफल, भेला तथा गोष्ठी गरी नगरपालिका योजना छनौट गर्ने वातावरण बनाएको पनि छैन । आम नगरवासीको योजना छनौटमा सहभागी हुने अवस्था बनाउन सकेन भने योजना छनौटमा पनि दुई चारजना व्यक्तिहरूको मनोमानी हुने अवस्था बन्नेछ । "नगरपालिका अनुदान संचालन कार्यविधि २०६७" मा व्यवस्था गरे अनुसार एकीकृत योजना तर्जुमा समिति गठन विधिलाई हेर्ने हो भने नगरपालिकामा निर्वाचित जनप्रतिनिधहरूको व्यवस्था नभएसम्मको लागि नगरपालिकाबाट संचालन गरिने कार्यक्रम तथा आयोजना प्रस्तावना छनौट गरी नगरपालिकालाई सुझाव दिन प्रयोजनको लागि देहाय बमोजिमको एकीकृत योजना छनौट समिति गठन गरिने भनिएकोछ ।

क). नगरपालिकाको प्रमुख वा निजको काम गर्न तोकिएको पदाधिकारी संयोजक, (ख) नगरपालिकाको सर्वदलीय संयन्त्रमा प्रतिनिधित्व गर्ने राजनैतिक दलको एक दल एक प्रतिनिधि सदस्य (ग) नगरक्षेत्रमा रहेका सामुदायिक संस्थाहरूबाट नगरपालिकाले तोकेको सामुदायिक संस्थाको महिला प्रतिनिधि १ जना सदस्य, (घ) नगरक्षेत्रमा कार्यरत र ही नगरपरिषदबाट बजेट तथा कार्यक्रम पारित गरेका गैर सरकारी संस्थाहरूले आफूमध्येबाट छनौट गरी पठाएको गैर सरकारी संस्थाको प्रतिनिधि १ जना सदस्य, ङ) नगरक्षेत्रमा रहेका दलित संस्थाहरूले आफूमध्येबाट छनौट गरी पठाएको दलित संस्थाको प्रतिनिधि १जना सदस्य, (च) नगरक्षेत्रमा रहेका महिला संस्थाहरू (जस्तै आमा समुह, महिला सहकारी, महिला संजाल, प्यारालिगल समिति आदिले आफूमध्येबाट छनौट गरी पठाएको महिला संस्थाको प्रतिनिधि २ जना सदस्य, (छ) नगरक्षेत्रमा रहेका बालक्लवहरूले आफूमध्येबाट छनौट गरी पठाएका बालप्रतिनिधि १ जना सदस्य, (ज) नगर क्षेत्रमा रहेको आदीवासी / जनजातीका संस्थाहरूले आफूमध्येबाट छनौट गरी पठाएका आदीवासी जनजाती संस्थाको प्रतिनिधि १ जना सदस्य (झ). मधेशी, मुस्लिम, र पिछडा वर्गको उपस्थिति भएको नगरपालिकामा त्यस्ता वर्गहरूमध्येबाट नगरपालिकाले मनोनित गरेको १ जना सदस्य, (ञ) नगरस्थित उद्योग बाणिज्य संघको प्रतिनिधि १जना सदस्य, (ट) नगरक्षेत्रमा रहेका समाजसेवी, बुद्धिजीवी, जेष्ठ नागरिक मध्येबाट नगर पालिकाले तोकेको १ जना सदस्य, (ठ) नगरपालिकाको कार्यकारी अधिकृत (सदस्य सचिव

यसरी नगरपालिकाको हरेक आर्थिक वर्षमा योजना तर्जुमा गर्नको लागि गठन गरिने समितिको कार्यकाल एक वर्षको हुनेछ भनी उल्लेख गरेको अवस्थामा नगर पालिका र दलहरूले नगरपालिकालाई समावेशी , सहभागी, पारदर्शी, जनमुखी तथा आम नगरवासीको लागि दिनु पर्ने सुविधाहरू, करदस्तुरका वारेमा व्यापक छलफलको आवश्यक छ । हरेक वडाहरूको समान विकासमा पहलकदमी हुनु पर्दछ र बेला बेलामा समिक्षाको विषय बन्नु पर्दछ। नगरपालिकाको समग्र विकास निर्माण, मानवीय स्रोत साधन परि चालन, नगरवासीको जीवनस्तर उत्थानका के, कस्ता कार्यक्रम, कसरी छनौट गरिने हो, आम चासोको विषय बनेको छ। विशेष गरी नगरको पूर्वाधार विकास, सामाजिक क्षमता विकास,, आर्थिक/सीपविकास त्यसमा पनि खासगर ी कृषिमा आधारित तथा गैरकृषिमा आधारित, संस्थागत विकास का आधार हरू के के हुन ? यसको मापदण्डहरू वारे व्यापक नगरवासीहरूसंग नै खुल्ला बहस आवश्यक छ तर यो सम्वन्धित पक्षले ध्यान दिइएको देखिदैन । यही असार २४ गते कीर्तिपुर नगरपालिकाको नगरपरिषद हुने भएकोछ ।

हामीलाई यो पनि थाहा छ, अहिले पनि जनताको आधारभूत आवश्यकता रहेको कहिं व्यवस्थित ढल निकासको अभावले सताएको छ, कहि खानेपानी अभाव र वितरणको समस्या छ , कहिं दैनिक आवतजावत गर्ने बाटोको विकर ाल समस्याहरू छन् । कहिं नगरको कृषिकूलो सिचाईको अभावले सताएको छ । अत: समग्रमा भन्नु पर्दा नगरको भौतिक निर्माण, पर्यटन पूर्वाधार विकास, सामाजिक सुधार, हाम्रो संस्कृत, बाजागाजा बचाउ अभियान, बालविकास कार्यक्रम, महिला जागरण तथा सशक्तिकरण कार्यक्रम, संघसंस्था विकासमा टेवा, खेलकूद विकास, स्वरोजगारको सीप तालिमको व्यवस्था, अपाङ असक्तहरूको पहिचान र सहयोग, जेष्ठ नागरिक भत्ता सर्वसुलभ, व्यवस्थित शहर निर्माणको लागि पहलकदमी, शिक्षा, स्वास्थ्य वातावरणीय सुधारमा स्तरबृद्धि, प्रकोप व्यवस्थापन, आदि विषयमा योजनामा सम्वोधन हुनु पर्दछ अन्यथा जनता आफैले समस्याको भारी बोकेर नगरपालिकामा समाधानका लागि पहलकदमी उठाउनु पर्ने हुन्छ।

गत आर्थिक वर्षदेखि लागु गराउन खोजेको यो कार्यविधिलाई व्यवहारमा लागु गराउनको लागि नगरपालिका आफै र स्थानीय विकास मन्त्रालयबाट पनि पटक पटक कार्यविधि वारे अभिमुखिकरण कार्यक्रम पनि गरेको छ । तर अन्तमा आएर यो कार्यविधिलाई लत्याउँदै नगरपालिकाको योजना तर्जुमा समिति दलिय सहमति र भागवण्डामा योजना तर्जुमा समिति गठन गरेको देखिन्छ। के यसले नगरपालिका अनुदान संचालन कार्यविधि निष्पक्षयतालाई त उपहास गरेको छैन ?

कीर्तिपुर नगरपालिकाप्रति कीर्तिपुरबासीहरूको नजर

बज्रमुनि बज्राचार्य

कीर्तिपुर नगरपालिकाको स्थापना भएको पनि करीब १५ वर्ष भयो । कीर्तिपुरका जनताहरूले ठूलो आशा लिएर स्थापना गरिएको नगर पालिका कीर्तिपुरबासीहरूको लागि नै घाँडो भैरहेको छ । केही विकास हुन्छ, केही सुविधा हुन्छ, जीवन सर लीकरण हुन्छ। टोलका सम्पूर्ण ठाउँहरू सरसफाई हुन्छ, मठ मन्दिरहरूको निर्माण हुन्छ, पाटीपौवा वन्छ, पर्ति जग्गाहरू संरक्षण हुन्छ भन्ने सोचेका थिए । तर कीर्तिपुर नगरपालिकाले कीर्तिपुरको सम्पूर्ण जनता र कीर्तिपुर का सम्पूर्ण टोलहरूको त के कुरा आफ्नो भवनको लागि समेत विचार गरेन । देशका नगरपालिकाहरू जन प्रतिनिधिविहिन छन् । छुट्याइएका बजेटहरू लापरवाही ढंगले खर्चेका छन् । जनतासंग भारी मात्रामा कर असुलेका छन् । जनताहरू मौन छन् । जसले जे गरे पनि चुप छन् । स्थानीय निकायहरू संचालन गर्नको लागि र राजनैतिक संयन्त्रको रुपमा विभिन्न र राजनैतिक पार्टीका स्थानीय नेताहरूको एक समुह गठन गरिएको छ । ती नेताहरू राष्ट्रिय चुनावहरूमा आफ्नो नेताहरूलाई विजय गराउन रात दिन मेहनत गरेर कीर्तिपुरमा एकता प्रदर्शन गर्छन् । राजनैतिक रुपमा सचेत छन् भन्ने देखाउन प्रयत्नरत हुन्छन् । तर कीर्तिपुरको विकासको बारेमा भने ती नेता भनाउँदाहरू पूर्व पश्चिम उत्तर दक्षिण फर्केर बसेका छन् । न त सर्वदलीय बैठक बस्छन् । त्यसकै परिणाम हो यस वर्षको कीर्तिपुर नगर पालिकाको बजेट वर्षको अन्तिम समय जेठमा खर्च गर्नु पर्ने कारणले मात्र ठेक्का दिदै मनपरी ढंगले पीच गर्ने गरिएको छ । न त उपभोक्ता समितिलाई दिइएको छ । न त स्थानीय मानिसहरूलाई नै खवर दिइएको छ। नगरपालिकाका कर्मचार ी र ठेकेदारहरूको मिलोमतोमा भौतिक निर्माणका कामहरू भैरहेका छन । बनाइएका ठाउँहरूमा कहीं त विग्रि पनि सकेको छ । न त मास्टर प्लान छ, न त योजना छ । जसको शक्ति उसको भक्ति भने झै जो जो बलियो छ, उसले बजेट लगेको छ ।

भौतिक निर्माण त जेठमा निकासा गरेर जसोतसो भए पनि खर्च गरे । तर अन्य शिर्षकको बजेट जसमा ठेक्का दिन मिल्दैन, ती बजेटहरूमा भने सिन्को भाँचेको देखिदैन। पर्यटन, संस्कृति, स्थानीयभाषा, संचार, सरसफाई आदि । कीर्तिपुर, डाँडा अवस्थित वस्ती हो । सम्पूर्ण ठाउँमा टिपर पुग्दैन, तर सरसफाईको लागि भने एउटा ट्याक्टर किन्ने व्यवस्था गरिएको छैन । पर्यटकको गन्तव्य स्थल मध्ये एक कीर्तिपुरको चिलंचो जहाँ सरसफाईको लागि व्यवस्था गर्न सकेको छैन । आएका पर्यटकलाई फर्काउनु पर्ने गरी प्रवेश गर्ने ठाउँमा ताल्चा मार्न बाध्य छन् । त्यस्तै चोवहाल, बाघभैरव, उमामहेशवर जस्ता पर्यटकीय स्थलहरूमा कुनै नगरस्तरीय योजना छैन । पर्यटकहरूलाई निर्देशित गर्ने निर्देशिका छैन ।

कीर्तिपुरको बारे कुनै अध्ययन गरेको छैन । एउटा नाङ्गलो पसल र ख्न त कुन ठाउँमा राख्दा राम्रो हुन्छ भन्ने अध्ययन गर्नु पर्छ भने, कीर्तिपुर मा कुनै त्यस्तो अध्ययन गर्ने सोच समेत नगरपालिकाको देखिदैन । स्थानीय भाषा उत्थानको लागि चार लाख छुट्याइएकोमा एक पैसा निकासा गरेको छैन । स्थानीय भाषा विकासको लागि योजना अनुसार सामुदायिक स्कूलहरूमा एक एक जना नेपालभाषा शिक्षक राखी नेवार र गैरनेवार दुवैलाई ऐच्छिक विषयको रुपमा, भाषा मात्र प्रशिक्षण दिने जाँचमा सहभागी हुनु नपर्ने गरी व्यवस्था गर्ने भनिएकोमा नगर पालिकाका शिक्षा समितिका नेवार हरूमा समेत भाषा प्रति सकारात्मक धारणाको अभावले यस वर्षको भाषामा छुट्याएको बजेट लागु गर्न सकेन । त्यस्तै ठाउँ ठाउँमा नेवारहरूको पहिचान देखाउन राख्ने भनिएको नेपालभाषा र अन्य भाषाबाट साइनवोर्ड राख्ने भनिएको बजेट पनि यथावत नै छ ।

नेवारहरूको पहिचानको अर्को पातो संस्कृति हो । कीर्तिपुरमा वर्षभर ी नै विभिन्न किसिमका जात्रा पर्वहरू मनाउँदै आइरहेको छ। ठूल्ठूलो जात्राको रुपमा इन्द्रायणी जात्रा, बाघभैरव जात्रा, बुद्धजयन्ती, गाई जात्रा, कृष्ण जात्रा आदि देखिन्छ । ती जात्रा संचालन गर्न नगरपालिका धाएर चन्दाको लागि बार्गेनिङ्ग गर्नु पर्ने, भन्न सक्ने र नगर पालिकामा बोलवाला हुनेले अलि बढि ल्याउने र भन्न नसक्नेले कम ल्याउने गरिरहेको छ । ती जात्राहरू संचालन गर्न बाजाहरूको पनि आवश्यक छ । ती बाजाहरूको अवस्था विग्रेर गएको छ । बाजागाजाको लागि एक पैसा व्यवस्था गरेको छैन । सामान्य भन्दा सामान्य कीर्तिपुरका जनताहरूको आवश्यकतामा नगरपालिकाले कुनै सोच नराखेको कारणले नै होला कीर्तिपुरबासीहरूले नगरपालिकाका कर्मचारीहरूलाई राम्रो आँखाले हेर्ने गरेको देखिदैन ।

कीर्तिपुर नगरपालिकालाई कीर्तिपुरबासीहरूको गुनासो के छ भने छुट्याइएको बजेट नै कीर्तिपुरको लागि खर्च हुँदैन भने कीर्तिपुरबासीहरूलाई कर मात्र किन लिने ? घर बाटो कर , घर भाडा कर, अंशवण्डा कर, कित्ताकाट गरेको कर, नागरिकता सिफारिस कर आदि अनगिन्ति कर लिएका छन् । त्यो पनि पहिलेको वर्षभन्दा १६०० गुणा बढि लिएको छ । पहिला रोपनीको ५०० सिफारिस कर छ भने अहिले ८००० सिफारिस कर लिने गरेको छ । कीर्तिपुरका जनताहरूको लागि केही नगर्ने कर मात्रा बढाउने नीति ल्याउनु उपयुक्त देखिदैन । त्यसैले २०६८/६९ को बजेटमा नगरपालिकाले लिइराखेको करमा घटाई प्रगतिशील कर लागू गर्नु पर्छ। बजेट छुट्याउने बेला एकमुष्ठ शिर्षकमा मात्र नछुट्याई उप शिर्षकमा विभाजन गरी खर्च गर्ने गर्नु पर्छ । जस्तोकि संस्कृतिमा खर्च गर्ने रकममा कुन प्रयोजनको लागि कति भन्ने नै हुनु पर्दछ । भौतिक निर्माणतिर खर्च गर्ने रकमहरू सकभर उपभोक्ता समिति गठन गरी निर्माण गर्ने गर्नु पर्छ । उपभोक्त समितिले काम गर्दा ३५ प्रतिशत राख्नु पर्नेलाई कम गर्नु पर्छ। सरसफाई जस्ता कार्यमा स्थानीय संघसंस्थाहरूलाई जिम्मा लगाई उक्त संघसंस्थालाई आवश्यकता अनुसार बजेट दिनु पर्दछ । स्थानीय मानिसहरूलाई सहभागी गराई कुनै पनि काम गर्नु उपयुक्त देखिन्छ । जसले गर्दा नगरपालिकाप्रति कीर्तिपुर बासीहरूको आस्था बढ्नेछ । युवाहरूलाई परिचालन गर्न सक्ने योजनाहरू ल्याउनु पर्दछ। सीपमूलक कार्यहरूको प्रशिक्षण दिने योजनाहरू ल्याउनु पर्दछ। कुनै पनि देशको नागरि कहरूको लागि महत्वपूर्ण पक्ष भनेको शिक्षा र स्वास्थ्य हो । शिक्षाको विकास गर्न सकेमा सम्पूर्ण पक्षको विकास हुन्छ। अस्वस्थ भएमा केही गर्न सकिन्न । त्यसैले नगरभित्र एक अस्पतालको निकै आवश्यक छ । कीर्तिपुरमा बन्न लागेको अस्पताल राजनैतिक कार णले रोकिएको छ । कुनै पनि व्यक्तिको दलगत स्वार्थले अस्पताल जस्तो संवेदनशील कार्य रोकेको हो भने त्यो जस्तो मूर्ख व्यक्ति र कीर्तिपुर बासीहरूकै दुस्मन अरू कोही हुन सक्दैन । त्यसको लागि नगरपालिका र राजनैतिक पार्टीले पहल गर्नु पर्छ ।

कीर्तिपुरबासी र नगरपालिका नमिली कीर्तिपुरको निर्माण गर्न नसक्ने भएकोले कीर्तिपुरबासीहरूको भावना जित्ने योजनाहरू ल्याउनु आवश्यक छ । कीर्तिपुर नगरपालिकामा फाइल लापरवाही हुने, कुनै व्यक्तिको काममा ढिलासुस्ती गर्ने, वर्षौवर्ष फाइल थन्क्याउने प्रवृत्तिको अन्त हुनु पर्ने र नगरपालिकाले दिने सुविधामा सर लीकरण र व्यवस्थित भएमा कीर्तिपुर को भावना र श्रद्धा बढ्नेछ । यस भावनालाई कदर गरी २०६८/६९ को बजेटमा व्यवस्थित गरे राम्रो हुनेछ । यसको लागि एक हातले मात्र ताली बजाएर हुँदैन कीर्तिपुरका पार्टीका नेता भनाउँदाहरूले पनि पहल गर्नु पर्दछ। नेताहरू पार्टिको मात्र नसम्झी कीर्तिपुर को नै नेता बन्नु जरुरी छ । साथै नगरपालिकाप्रति कीर्तिपुरबासीको चिसोपनलाई मिलाउन नगरपालिकाका कर्मचारीहरूको पनि उतिकै जिम्मेवारी भएकोले कर्मचारीहरूले कर्मचारी मात्र नसम्झी कीर्तिपुरबासी पनि हुँ भन्ने सम्झि दिएमा सम्बन्ध गाढा हुने देखिन्छ ।

कारागार डायरी–३ — नजरराम महर्जन

म प्रहरी खोरमा पुगेको पहिलो दिन

२०६७/०६/०७ विहिवार

"बच्चाहरूले हो भनेर बयान दिए छ रे । अब तपाईलाई यहाँ होइन हनुमान ढोका पठाउँछ। भोलि साथीहरूलाई लिएर हनुमान ढोका आउँछु।" पंचलालले भन्यो ।

"ल बा, बच्चाहरूले त तपाईले उनीहरूलाई जवरजस्ती करणी गर्न खोज्नु भएकै हो भने । हो होइन अनुसन्धान गर्न तपाईं प्रहरी खोरमा बस्नु पर्ने भयो ।" ईन्स्पेक्टरले भन्यो ।

"घडि लट्ठि सबै छोरालाई दिनुस् । त्यहाँ केही पनि राख्न दिदैन ।" एकजना प्रहरीले भन्यो ।

मैले छोरालाई घडि र लट्ठि दिएँ । छोराले आफूले लगाएर आएको ज्याकेट मलाई दियो । प्रहर ीले मलाई एउटा कागज थमायो । मैले कागज पढें । लेखेको रहेछ ।

परिसर ड क समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी नजरराम भन्ने नजरमान महर्जन भएको जवरजस्ती करणी उद्योग मुद्दाको अनुसन्धानको सिलसिलामा तपाईंलाई हिरासतमा र खी अनुसन्धान गर्नु पर्ने भएकोले आजका मितिदेखि तपाईलाई यस कार्यालयको हिरासतमा राखी मुलुकी ऐन अ.ब.नं.१२१ बमोजिमको यो थुनुवा पूर्जि दिइएको व्यहोरा जानकारी गराइन्छ ।

एकजना सादा पोशाकको पुरुष प्रहरीले मेरो दुईटै हातमा हतकडी लगाई दियो । अर्को एकजना महिला प्रहरी पनि आइन । मलाई दुबैजनाले दोहोऱ्याउँदै बाहिर लग्यो । मेरो छोरा र साथीले विवशताको नजरले हेरिरहे । "ट्याक्सीमा जाने कि हिंडेर जाने ?" प्रहरीले सोध्यो ।

"तपाईंहरूले जे भन्नुहुन्छ ।" मैले भनें ।

"पैसा छ भने ट्याक्सीमा जाउँ ।"

"हुन्छ, ट्याक्सी भाडा म तिर्छु ।" हतकडि लगाएर के हिंडेर जाने भनेर मैले भनें ।

बाहिर एउटा ट्याक्सी लियो । अगाडि सीटमा महिला प्रहरी बसिन् । पछाडिको सीटमा हामी बस्यौं । ट्याक्सीले भिमसेनस्थान हुँदै हनुमान ढोका पुऱ्यायो । ट्याक्सी भाडा मैले तिरें । मलाई हनुमान ढोका प्रहरी प्रभागमा लग्यो ।

हनुमान ढोका प्रहरी प्रभागको फलामे ढोका छिर्ने बित्तिक्कै मेरो हातको हतकडी फुकाली दियो । अनि एकजना प्रहरीको पछि लागें । भित्र एउटा सानो चोक रहेछ । चोकको दायाँ बायाँ सिमेन्टले प्लास्टर गरिएको दुईटा भऱ्यांग रहेछ । म बायाँतिर को भऱ्यांगबाट माथि चढें । खुट्टा दुखेकोले भित्ता समात्दै माथि गएँ । भऱ्यांग उक्लिने बित्तिक्कै पूर्वतिर को ढोकाबाट एउटा कोठामा लग्यो । त्यहाँ एकजना वर्दिधारी प्रहरी र सादा पोशाकको प्रहरी बसिरहेका थिए ।

वर्दिधारी प्रहरीले मेरो शरीरको खानतलाशी लियो । मेरो खल्तिमा रहेको डाइविंग लाइसेन्स, बैंकको एटिएम कार्ड र अरू कागजपत्रहरू सबै लिए । कलम, लाइटर पनि लियो । पैसामात्र फिर्ता दियो । मैले लगाई राखेको औंठी र पेटी पनि फुकाल्न लगायो । सबै सामान एउटा प्लाष्टिक झोलामा र ाख्यो । त्यसमा मेरो नाम लेख्यो ।

"के केसमा आउनु भएको ? पूर्जि हेरुं ?" सादा वर्दिधारी प्रहरीले भन्यो । मैले कालीमटीबाट दिएको पूर्जि थम्याएँ । उसले एउटा रजिस्टरमा मेर ो तीन पुस्ते नाम र ठेगाना सोधेर लेख्यो मलाई सहि गरायो । त्याप्चे पनि लियो । "यहाँ त परिसर ड (क) समेत भनिलेखेको छ। कतिजना केटीहरू थिए ?" वर्दिधारी प्रहरीले सोध्यो ।

"दुईजना छन् ।"

"तपाईंलाई कहाँबाट गिरफ्तार गरेको ?"

"एउटा कुरा सोध्नु छ आउनुस भनेकोले म आफै कीर्तिपुर थानामा गएको थिएँ । त्यहाँबाट कालीमाटी पठाएको ।"

"केटीहरूसँग घारघुर हुँदा खुट्टा भाँचिएको कि के हो ?" वर्दिधारी प्रहरीले सोध्यो ।

"होइन, पाँच दिन पहिले नै खुट्टा मर्केको थियो ।"

"होइन, यो साठी वर्षे बुढोलाई पनि कति जोश चढेको होला । दुई-दुई जना केटीहरूलाई भ्याउने हिम्मत गरेको होला । केटीहरू कस्तो छ च्वाँक च्वाँकका छन् ?"

"के नचाहिने कुरा गरिरहनु भएको ? मैले त्यस्तो केही गरेकै छैन । कुनै घटना भएकै छैन ।"

"जिस्केको कि के हो ? भोलि केरकार शाखामा लगेर मर्केको खुट्टा भाँच्ने गरी हानेपछि सबै कुरा ओकल्छ होला नि ।"

"मैले गर्दै नगरेको कुरो पनि तपाईंले पिट्दैमा म हो भन्छु ? तीस वर्षे पंचायती शासकले ढाल्न नसकेको मेरो काँध तपाईंहरूले ढाल्न सक्नुहुन्न ।" मैले पनि जे पर्ला पर्ला भनेर रिसाएर भनें, "मलाई पिट्ने भए मर्ने गरि पिट्नु । यदि म बाँचें भने तपाईंहरू एक-एकजनालाई ठीक पार्छु। म कीर्तिपुर ं हुँ । मेशिनगनदेखि नडराउने म, यो फिस्ते लट्ठि देखाएर तर्साउन खोजेको ?"

मेरो कुरा सुनेर एकजना सादा पोशाकको प्रहर ीले भन्यो, "हेर्नुस् बा यस्तो बैंशमा लाग्नु नपर्ने आर ोप तपाईलाई लाग्यो । यदि यो आरोप सही साबित भयो भने तपाईंको जीवन जेलमै बित्ने भयो ।"

क्रमश:

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा — नेपाली भाषा

वा	दाँतं	पाउँ	अमिलो
ककु	घाँटी	चाकु	गुलियो
ग:प:	घाँटी	क्वातुगु	कस्सेको
म्ये	जिब्रो	छ्वासुगु	खुकुलो
जँ	कम्मर	गयेगु	चढ्नु
हाकु	कालो	ल्युने	पछाडि
वँचु	निलो	न्ह्य:ने	अगाडि
सिउ	खैरो	दुने	भित्र
वाउँगु	हरियो	पिनें	बाहिर
गुलावी	गुलावी	लुसि	नङ
ह्याउँ	रातो	प्वा:	पेट
तुयु	सेतो	ला:	च्याल
म्हासु	पहेंलो	ग्वालि	कुर्कुच्चा
बांला:	राम्रो	हिनू	नशा
बांमला	नराम्रो	ला	च्याल
गंगु	सुकेको	क्वँय्	हड्डि
खायु	तितो	छ्यंगू	छाला
न्हू	नयाँ	पा:लूगु	ओरालो
शान्त	शान्त	देपा	बायाँ
ल्वगि	विरामी	जव:	दायाँ
लिबाक्क	ढिलो	दथ्वी	बीचमा
बुलुहुँ	विस्तारै	क्वय्	तल

CONGRATULATIONS

Rarahil Memorial School

Congratulations to all The SLC graduates of 2o67

We are proud of our achievements of 100% result with 45% distinction.

Shirish Maharjan 92.50%

Prativa Subedi
91.875%

Malika Maharjan
90.00%

SushmaMaharjan
88.750%

Nabin Thapa
88.250%

Sajja Singh
87.500%

Dhiraj Dhungana
86.500%

Grishma
Maharjan85.625%

AnushkaAdhikari
84.87500%

BhumikaMaharjan
84.750%

Anju Gole
83.375%

Saina Maharjan
83.250%

Mariya Sapkota
83.125%

Robish Shrestha
83.00%

Anish Maharjan
82.875%

Kebin Maharjan
82.500%

Nanish Maharjan
82.125%

Bhola Kafle
82.1250%

Arica Lama
80.875%

SadikshyaMaharjan
80.875%

Puja Magar
80.500%

Simon Maharjan
80.375%

Selina Nakarmi

Biplap Maharjan
79.875%

Sajiv Maharjan
79.625%

Pragyan
Tandukar79.625%

Roman Maharjan
78.000%

Sanjeeb Khanal
77.625%

Sabina Maharjan
77.375%

Sudip Rijal
76.750%

Sangita Khadka
76.625%

Ashish Maharjan
76.625%

Uttam Maharjan
76.500%

Doma Sherpa
76.00%

Alex Maharjan
75.750%

Saraswati
Tamang 75.500%

PraneshMaharjan
75.125%

Bishnu Ghimire
74.875%

Prativa Maharjan
74.750%

Sajana Basnet
74.125%

Pasang Chhiring
Sherpa72.250%

Alisha Maharjan
70.500%

Prinsha Basnet
62.500%

Alka Basnet
62.125%



Rajiv Dangol
62.125%

PramodMaharjan
61.875%

Jenish Rijal
60.125%

Sajani Sunuwar



Manila Maharjan
59.750%

Yubraj Rasaili
54.500%

Suja Maharjan

Rarahil Memorial School

Kirtipur, Kathmandu
Tel 4330121, 4332553

HEARTY CONGRATULATIONS

to our SLC Graduates – 2067

for their outstanding performance

100% successful Result with 22 Distinctions and 25 First Divisions (14 consecutive year)

Sammit Jung Khadka 92.25%

Shishir Maharjan 90.00%

Basanta Maharjan 90.00%



Mahamod Khan Azar 88.50%

Saugat thapa Magar 88.13%

Saru Thapa Magar 87.63%

Bibhushan Nakarmi 87.25%

Anir Maharjan 87.25%

yushma Bhetwal 87.13%

Grishma K.C. 86.25%



Saurav Sitaula 85.25%

Shubhechhya Regmi 85.09%

Sanju Magar 84.75%

Rukshana Maharjan 84.63%

Pramish Maharjan 84.50%

Satya Narayan Karmacharya 83.13%

Sunita Khatri K.C.82.63%

Biraj Budhathoki 81.75

Purnima Chidi 81.50%



Ashish K.C. 80.50

Esther Maharjan 80.13%

Rupesh Kumar Rana 80.00%

Principal and School Family

Ujjwal Shishu Niketan Academy

Shahid Path Panga Ph.No 4330300

First Divisions

1.Dipesh Lama 79.88 %
2.Sanjaya K.C 79.75 % 3. Dipesh K.C. 79.50 %
4. Sujina Maharjan 79.38 %
5.Ram Niraula 79.38%
6.Sulona Maharjan 79%
7.Ashutosh Sharma 78.38%
8.Rokesh Maharjan 78.13%
9.Anjali Maahrjan
10. Subodh Sharma
11. Karjal Maharjan 77.13%
12. Uddhyan Maharjan 77.13%
13.Kanchan Karki 76.88%
14.Aden Maharjan 76.25%
15. Sajana Bogati 75.88%
16. Nitesh Dangol 75.88%
17. Nishant Khatri 75.75%
18. Denshu Maharjan 75.13
19. Sujita Ranamagar 74.50%
20. Amika Maharjan 74.25%
21. Kripa Karki 74.25%
22. Gaurab Jung Thapa 73.25%
23. Milan Rai 72.88
24. Rabina Maharjan 72.75 %
25. Rojina maharjan 71.37%

HEARTY CONGRATULATIONS

To all the SLC Graduates, valuable guardians, devoted teachers' team and well wishers

Distinction

Nitesh Bohara

Pushpa Budhathoki

Prakash Upadhyaya (Poudel)

First Division

Alisha Rai

Blishna Maharjan

Jyoti K.C.

Manisha Bhandari

Nisha Rai

Pratima K.C.

Reena Kunwar

Rohit Maharjan

Rupa Shreshta

Sajan Budhathoki

Sharda Chand

Shreejana Khadka

Shreeya Shrestha

Sujan Budhathoki

Suman Maharjan

Sunny Maharjan

Ashmita Basnet

Mikak Rai

New Management Team, Principal and School Family

Bagh Bhairab Boarding High School

Panga Road, Kirtipur-17, Ph.No 4330141

हार्दिक बधाई

रोजीना अधिकारी ८४.५ %

अश्वीनी ढकाल ८३.८७ %

मिश्रीमाया बुढामगर ८२.५ %

मरुणा राई ८१ %

यस मंगल उच्च मा.वि.बाट ४ जना विशिष्ट श्रेणी सहित सम्पूर्ण विद्यार्थीहरू प्रथम श्रेणीमा उतीर्ण हुन सफल हुनु भएको खुशियालीमा सम्पूर्ण विद्यार्थीहरूलाई विद्यालय तथा क्याम्पस परिवार हार्दिक बधाई ज्ञापन गर्दछ ।

साथै

शैक्षिक सत्र २०६८/०६९ को लागि व्यवस्थापन मानविकी तथा शिक्षा संकायका लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो । आजै सम्पर्क राख्न जाउँ

मंगल उच्च मा.वि

तथा

मंगल बहुमुखी क्याम्पस, नयाँबजार, कीर्तिपुर

सम्पर्क : विहान ७ बजेदेखि

फोन नं. ४३३०५४४, ४३३५५६०

हार्दिक बधाई

कीर्तिपुर नगरपालिका वडा नं. १७ नगाँउ दोवाटो स्थित श्री कीर्ति सेकेण्डरी बोर्डिङ्ग स्कूलबाट २०६७ सालको एस एल सी परिक्षामा प्रथम श्रेणीमा शत प्रतिशत परिक्षार्थी उतिर्ण गराउन सफल हुनु भएकोमा विद्यालयको उत्तरोतर प्रगतिको कामना गर्दै विद्यालय परिवारलाई हार्दिक बधाई ।

श्रेष्ठ धागो पसल

तथा

रत्न लेडिज टेलर्स

नगाउँ दोवाटो, त:ग:वपि कीर्तिपुर

फोन: ९८४१३६८४४४, ९८०८५६८८४५

कीर्तिपुर सन्देश

हरेक अंक विशेष अंक

कीर्तिपुर नगरवासीको साझा साप्ताहिक पत्रिका कीर्तिपुर सन्देशमा प्रत्येक अंक तपाईले विशेष अंकको रूपमा पाउनु हुने छ । कीर्तिपुर को पहिचान, कीर्तिपुरको गौरब प्रचार प्रसार गर्ने हाम्रो अभियान ।

यस अभियानमा तपाईले साथ दिन सक्नु हुने छ । तपाईको टोल/टोलको खबरलाई हामीले बनाउने छौं कीर्तिपुरकै समाचार ।

तपाईले एक कल फोन मात्र गर्नुस् हामी तपाईको खबर कीर्तिपुर नगरको खबर बनाइदिनेछौं

सम्पर्क फोन ल्याः ४३३३००७, ९८४१४०१०७७

kirtipur_sandesh@live.com

२०६८/०६९ का लागी नेवा: स्वायत्त राज्य मंका: परिषद् कीर्तिपुरवाट प्रस्तावित

नीति र कार्यक्रम : नगरपालिकाको आय बृद्धिको सम्बन्धमा

आन्तरिक श्रोत बृद्धि: नगरपालिका गठन भएदेखि आजसम्म पनि त्यहि दरमा कर, शुल्क, दस्तुर लिइरहेको छ। यसलाई समय सापेक्ष परिमार्जित गर्नु पर्ने देखिन्छ। त्यसैले नगरपालिकाले लिदै आइरहेको कर, सेवा शुल्क, दस्तुर ऐनमा व्यवस्था गरिएको दायर ामा बसेर अधिकतम लागु गर्ने। नगरपालिकाको विशेष, ऐतिहासिक र पुरानो बस्ति भित्र हुने भौतिक निर्माणमा लिने कर, शुल्क, दस्तुरको दर ILO -169 अनुसार आदिवासी जनतालाई बिशेषाधिकार दिन न्युनतम गर्नु पर्ने।

प्रगतिशील कर लागु गर्ने। कर योग्य क्षेत्रको पहिचान गर्ने।

डीप बोरिङ्ग, पानी ट्यांकर, दुध गाडी, टाटा सुमो गाडी, होर्डीङ्ग बोर्ड तथा साईन बोर्ड

रेष्टुरेन्ट, लज तथा होटल, अनिवार्य व्यवशायिक दर्ता, घर बहाल कर, व्यवशायिक तथा वित्तिय संस्था

बाह्य श्रोत

सरकारको केन्द्रिय र जिल्लाका विभिन्न निकाय, राष्ट्रिय र अन्तराष्ट्रिय गैह् सरकारी संस्था, बिदेशी दुतावास लगायत अरू दातृ निकाय, बाह्य श्रोत अधिकतम ल्याउनको लागि एउटा समझदारी बनाउने।

नगरपालिकाले लिदै आएको कर कडाईका साथ लागु गर्नु पर्ने यसको लागि कर नतिर्ने र नगरपालिकाको मापदण्ड पालना नगर्नेहरूको लगत तयार गरेर नगरपालिकाले दिने सेवा र सुविधा रोक्का गरि दिने। नगरपालिकाले लिदै आएको सवारी प्रवेश कर मा अत्याधिक अनियमितता भैरहेको देखिएकोले यो काम निजी क्षेत्रलाई दिनु पर्ने।

व्ययको बारे

भौतिक विकास

सडक, सडकको बर्गिकरण गर्ने। सडकको बर्गिकरण अनुसार प्राथमिकता निर्धारण गर्ने, सडकको सेट ब्याकको मापदण्ड लागु गरेर सम्बन्धित वडामा जानकारी दिने र मापदण्ड कडा रुपले पालना गराउने। सामरिक महत्व भएको बाटोलाई विशेष प्राथमिकता दिएर काम गर्ने। नगरपालिकामा भएका सबै गोरेटो, घोरेटो, जोचा(खोला) न्युनतम सडकको मापदण्ड अनुरुप सडक विस्तार गर्ने। सामरिक महत्व भएको मुलखुशी(बखु सडक, दिखु-नैकाप सडक, रारहिल-टौदह सडक, पाँगा क्वेना सडक, एकेडेमी(नैकाप सडकलाई प्राथमिकता दिएर काम गर्ने। कीर्तिपुर प्रवेश गर्ने बैकल्पिक चौडा बाटो निकाल्न साम्भाव्यता अध्ययन गर्ने। APF स्कुलले कब्जा गरिराखेको मोटर बाटो खोल्ने।

ढल:

वस्ती भित्रको बाटो कालोपत्र गर्नु अगाडि नै ढलको व्यवस्था गर्नु पर्ने। आवश्यकता र प्राथमिकता अनुसार ढलको व्यवस्था गर्ने। ढल मर्मत सुधारको लागि ढल निकास संस्थानसँग समन्वय गरी छिट्टै मर्मत गर्ने व्यवस्था गर्ने। चिखु ढलमा ढक्कन राखेर बन्द गर्ने। पाँगाको ढल निकास सम्बन्धि बृहत योजना तत्काल शुरु गर्ने।

खानेपानी: **पानीको मुहान भएको चम्पादेवी, दुधपोखरी, सिम, नौमुले खानेपानीको मुहान क्षेत्रलाई जलाधार क्षेत्रको रुपमा घोषणा गर्न चाहिने तयारी गरेर घोषणा गर्नु अगाडि मुहानबाट कम्तिमा पनि १ किलोमिटरस**म्म कुनै प्रकारको भौतिक संरचना बनाउन र बनाउन लागेको काम रोक्का गर्ने। बनाएर पनि प्रयोगमा नआएका पानी ट्यांकीलाई प्रयोग गरी पानी बाँड्ने व्यवस्थालाई नियमन गर्ने। ८ नं. वडाको डिप बोरिङ्ग र सिम् डिप बोरिङ्ग गर्न आएको बजेट छिट्टै कार्यान्वयन गरेर संचालनमा ल्याउने। दुध पोखरी पाँच धारा, केमी हिटी, सिममा खेर गैराखेको पानी जम्मा गरेर ल्याउने। नौमुले मुहानको पानी गुरु योजना अनुसार छिट्टै कार्यान्वयनमा ल्याउने प्रयास गर्ने। आवश्यक प्रक्रिया पुऱ्याएर KUKL बोर्डको सदस्य बन्ने।

शिक्षा:

पोलिटेक्निक ईन्स्टिच्युट छिट्टै संचालनमा ल्याउने। सरकारी र सामुदायीक स्कुलको शैक्षिक गुणस्तर उकास्नको लागि चाहिने सहयोग गर्ने।

भाषा:

नेपालभाषा विकासको लागि नेपाल भाषा शिक्षकको व्यवस्था गर्न चाहिने सहयोग गर्ने। नेपालभाषा लिएर पढ्ने विद्यार्थीहरूलाई छात्रबृत्ति र पुरस्कारको व्यवस्था गर्ने। नेपालभाषा र लिपि अत्याधिक प्रचलनमा ल्याउन नेपाल भाषा र लिपीमा साईनबोर्ड होर्डिङ्ग बोर्ड लेखेर राख्नेहरूलाई ५० प्रतिशत छुटको व्यवस्था गर्ने। टोल वस्तीको नाम नेपाल भाषा लिपीमा, नेपाली भाषा र अंग्रेजी भाषामा साईन बोर्ड राख्ने। प्रौढ शिक्षा नेपाल भाषाबाट पढाउने।

महिला: शिप विकास र रोजगारको लागि कार्यक्रम बनाएर लैजाने। साक्षरता अभियान संचालन गर्ने। औपचारिक शिक्षा दिन महिला विद्यालयको व्यवस्था गर्ने।

सञ्चार:

न्युनतम समय लिएर F.M. संचालन गर्ने। न्युनतम समय लिएर T.V कार्यक्रम संचालन गर्ने। नगरपालिका गतिविधिलाई लिएर नगरवासीलाई जानकारी दिन एउटा मासिक पत्रिका प्रकाशन गर्ने।

वातावरण व सरसफाई:

मुख्य मुख्य ठाउँमा सफाई गर्न सफाईकर्मिहरू राख्ने। बार्षिक रुपमा छुट्याइएको बजेट रकम सहि सदुपयोग भैरहेको छ कि छैन निरिक्षण र अनुगमन गर्ने। नगरभित्रको फोहोर प्रशोधन गर्ने र कम्पोष्ट प्लान्टको व्यवस्था गर्ने। पशु बधशाला निर्माण गर्ने। शहीद पार्क बाल उद्यान ..... स्मृति पार्क बनाउने।

सार्वजनिक ठाउँ हरियो बनाउन बृक्षारोपण गर्ने।

स्वास्थ्य:

नगरपालिकाबाट संचालन गरिरहेको एम्बुलेन्स सेवा प्रभावकारी नभएको र आर्थिकरुपमा घाटा भएकोले एउटा सामुदायीक अस्पताललाई जिम्मा दिने। कीर्तिपुरवासीलाई सर्वसुलभ रुपले स्वास्थ्यमा पहुँच पुऱ्याउन सामुदायिक अस्पताललाई नगरपालिकाले अनुदान दिएर आफ्नो मातहतमा ल्याउनुपर्ने। नगरपालिकाभित्र सञ्चालन भैरहेको स्वास्थ्य चौकीको नियमन चाहिने सहयोग गरेर सुविधायुक्त बनाउन चाहिने पहलकदमी गर्ने। नगरपालिकाको सहयोगमा जनस्तरबाट संचालन भैरहेको जनपोलिक्लिनिकलाई सुविधा सम्पन्न अस्पताल बनाउनको लागि केन्द्र सरकारसँग चाहिने बजेट छुट्याउन चाहिने पहल गर्ने।

पर्यटन:

ऐतिहासिक, धार्मिक पुरातात्विक महत्व भएको सम्पदा र ठाउँ बस्तीको परिचय झल्कने ब्रुसर प्रकाशन गर्ने। पर्यटकीय सुचना केन्द्र बनाउने। कीर्तिपुरको परिचय दिने स्वागतद्धार निर्माण लामो समय हुँदा पनि निर्माण पूरा नभएकोले छिटो निर्माण पूरा गराउन कोशिस गर्ने र स्वागतद्धार नजिक एउटा पर्यटकीय सुविधाको लागि एउटा शौचालय बनाउने। केन्द्र सरकारले मनाइरहेको पर्यटन बर्ष २०११ सफल पार्न चाहिने तयारी गर्ने। पर्यटन बर्ष २०११ सफल पार्न एउटा समिति बनाउने। नगरपालिकामा गठन गरिएको सर्वदलिय पर्यटन उप समितिलाई सक्रिय बनाउने।

साँस्कृतिक:

सांस्कृतिक बाजा, गाजा, जात्रा पर्व संचालन र जगेर्ना गर्नको लागि सांस्कृतिक कोषको व्यवस्था गर्ने। बाह्र बर्षे जात्रा, दलु जात्रा, दबु प्याखं जस्तो पुरानो लोपोन्मुख संस्कृतिलाई जगेर्ना गर्नुपर्ने। नेवा: साँस्कृतिक बाजा, गाजा व्यवशायीकरण गर्दै लैजाने।

कीर्तिपुरको सँस्कृति झल्कने एउटा म्यूजियम बनाउने। सामन्ती संस्कृति समय सापेक्ष रुपान्तरण गर्दै लैजाने।

कीर्तिपुर क्षेत्रको ईतिहास, कला, साहित्य, संस्कृति, वस्तु कृषि आदि बिषयमा अध्ययन अनुसन्धान गर्ने।

प्रशासनिक: प्रशासनिक प्रक्रियामा जनताले झमेला झेल्नु पर्ने को हुँदा नेपालभाषा लेख्न पढ्न र बोल्न जान्ने एक जना सहयोगीको व्यवस्था गर्ने। जनता/सेवाग्राहीहरूको समस्या सुन्ने ठाउँको व्यवस्था गर्ने। कर्मचारीहरूको बार्षिक रुपमा सम्पत्ति बिबरण लिने। कर्मचारीहरूको काम हेरेर मुल्यांकन गरी पुरस्कार र दण्डको व्यवस्था गर्ने। कर्मचारीहरूलाई पोशाकको व्यवस्था गर्ने। जनताको काम सरल र शुलभ गर्न कम्प्युटर प्रविधि सुरु गर्ने। कर्मचारीहरूको हाजिरी आउँदा र जाँदा गरेर दिनको दुईचोटि हाजिरी लिने व्यवस्था गर्ने। नगरपालिकामा निवेदन, फर्म र अरू पत्रहरू पनि नेपाल भाषामा दिने वातावरण बनाउन र नगरभित्रको सबै सरकारी र गैर सरकारी कार्यालयहरूमा पनि यहि अनुसार व्यवस्था गर्न प्रयास गर्ने। नगरपालिका कार्यालयमा वडापत्र र कर्मचारीको कार्य विवरण सार्वजनिक गर्ने। नगरपालिकाभित्रको सबै नगर स्तर का कार्यालय प्रमुख अग्राधिकारको रुपमा नेवा: नै राख्ने र कर्मचारी नेवारहरूको बाहुल्यता बनाउने प्रयास गर्ने। तर सम्बन्धित वडाको हकमा वडामा भएको जातीय बाहुल्यताको आधारमा वडा सचिव राख्नुपर्ने।

ट्राफिक :

ट्राफिकको व्यवस्थापन गर्न ट्राफिक प्रहरीसँग सहकार्य गरेर काम गर्ने। फुटपाथको व्यवस्था गर्ने। पार्किङ्गको उचित व्यवस्थापन गर्ने। ट्राफिकको दिर्घकालिन समस्या समाधान गर्न कीर्तिपुर प्रवेश गर्ने बैकल्पित बाटो बनाउने।

अजय मार्ग र मुलखुशी दिखु सडक जोडेर कीर्तिपुरको ट्रान्जिट प्वाईन्टको रुपमा विकास गर्ने साथै कीर्तिपुर प्रवेश गर्ने बैकल्पिक मार्गको प्राविधिक अध्ययन गर्न कीर्तिपुर ईञ्जिनीयरिङ्ग समाजलाई जिम्मा दिने।

युवा र खेलकुद:

बेरोजगार भएर विकृति विसंगतिमा परेका युवाहरूको लागि युवा स्वरोजगारको कार्यक्रम अगि सार्ने। कीर्तिपुरभित्र राष्ट्रिय स्तरको एउटा रंगशाला बनाउने कोशिस गर्ने। खेलकुद विकासको लागि नियमित रुपले अधिकतम बजेट छुट्याउने।

जेष्ठ नागरिक :

ज्येष्ठ नागरिकलाई सम्मान र उहाँहरूसँग भएका अनुभव, ज्ञान, सीप लिन बृद्धहरूको एउटा क्लब स्थापना गर्ने।

विविध:

डोजर र ट्रिपर बनाएर अधिकतम प्रयोगमा ल्याउने। नगर पालिकामा नगर प्रहरीको व्यवस्था गर्ने। नियमित अनुगमन र सुपरिवेक्षण गर्ने। राम्ररी काम सम्पन्न गर्ने उपभोक्ता समिति र ठेकेदारलाई पुरस्कृत र नराम्रो काम सम्पन्न गर्नेहरूलाई कार वाहीको व्यवस्था गर्ने। उपभोक्ता समिति सक्रिय भएको ठाउँ हेरेर भौतिक विकास निर्माण सम्पन्न भइसकेपछि मर्मत संभार गर्नको लागि कोषको व्यवस्था गर्ने। भु-उपयोग नीति लागु गर्नु पर्ने। प्लटिङ्ग र जग्गा व्यवशायलाई नियन्त्रण र अनुगमन गर्ने। नगरको दीर्घकालीन विकास अवधारणा र आवधिक योजनालाई अन्तिम रुप दिएर यसलाई छिट्टै कार्यान्वयनमा लाने। कीर्तिपुर क्षेत्रभित्र रहेका सार्वजनिक, पर्ति जग्गा र सार्वजनिक सम्पत्तिको व्यवस्थित अभिलेख राख्ने र त्यसको उपयोग गर्ने बैज्ञानिक योजना बनाउने। नगरभित्र एउटा बस टर्मिनल/पार्क बनाउन चाहिने पहल गर्ने। सामाजिक विकृति र अपराधजन्य व्यापार, व्यवशाय नियन्त्रण गर्न नियमित रुपले सामाजिक स्वयं सेवक परिचालन गर्न चाहिने सहयोग गर्ने।

कीर्तिपुरभित्र रोजगारी दिंदा यहाँका आदीवासीहरूलाई अग्राधिकार सहितको प्राथमिकता दिने र दिलाउन चाहिने पहल गर्ने। नगरपालिकाभित्रको जग्गा किन्ने, भवन निर्माण गर्ने कामलाई यहाँको खानेपानी, सरसफाई क्षमता, स्विकृत भू उपयोग योजना, भवन निर्माण, बाटो र सम्पदा संरक्षण सम्वधी मापदण्ड आदिको आधारमा नियन्त्रण गर्ने। कीर्तिपुरका शहीद र वीर योद्धाहरूको सम्मान हुने र पछिसम्म सम्झना हुने गरि एउटा कार्य योजना बनाउने। प्राचिन कीर्तिपुर राज्य र नेवारहरूको पहिचान दिने खालको नगरपालिका भवन बनाउने। दैबी प्रकोप उद्धार कोष स्थापना गर्ने। कीर्तिपुरको वास्तविक ईतिहास र परिचय तयार गर्ने। आप्रवासन रोक्न र अव्यवस्थित बस्ति विकास कसरी रोक्ने भन्ने विषयमा अन्तर्क्रिया/गोष्ठि गर्ने। कीर्तिपुरको दोस्रो जग्गा एकीकरण आयोजना कार्यान्वयन गर्न नसकेको बिषय पहिचान गरी किसानको पक्षमा अधिकतम हित हुने खालको आयोजना सञ्चालन गर्ने। फेक्टले सञ्चालन गरी राखेको कीर्तिपुर अस्पताल र नेपाल भाषा एकेडेमीलाई नगरपालिकाको मातहतमा ल्याउन चाहिने कोशिस गर्ने।

पारिश्रमीक नलिएका कारण...

सो कार्यक्रममा कीर्तिपुर क्षेत्रका सभासद् एवं एकीकृत माओवादीका नेता दिलिप महर्जनले कीर्तिपुरमा वसोवास गर्ने सम्पूर्ण कीर्तिपुरवासीको हित हुनेगरी नगर पालिकाले योजना बनाउनु पर्ने, नेवाः स्वायत्त राज्य भित्र पनि अन्य जाती र समुदायको प्रतिनिधित्वको सवालमा स्पष्ट भएर जानुपर्ने, नेवाः स्वायत्त राज्य मंकाः परिषदले जुन ढंगबाट कीर्तिपुर नगरपालिकाको बजेटको सवालमा छलफल कार्यक्रमको आयोजना गरेकोमा कार्यक्रम सफलताको लागी शुभ कामना दिनु भएको थियो । कार्यक्रममा एकीकृत माओवादीका प्रतिनिधि एवं कीर्तिपुर क्षेत्रका सह इन्चार्ज सिद्धिकुमार महर्जनले बास्तवमा कीर्तिपुर नगरपालिकामा प्रतिनिधित्व गर्ने चार वटा र ाजनीतिक दलहरू चार तिरै फर्केका कारण विकास निर्माण लगायतका सवालमा समस्या भएको दावी गर्नु भयो । कीर्तिपुर मा सर्वदलिय संयन्त्र भएतापनि सो संयन्त्रलाई निश्क्रिय बनाइएकोमा दुःख व्यक्त गर्दै उहांले कीर्तिपुरमा क्रियाशिल राजनीतिक दलहरूलाई एकै ठाउँमा ल्याउने काम नेवाः स्वायत्त राज्य मंकाः परिषद्ले गर्नुपर्ने कुरामा जोड दिनु भयो । कार्यक्रममा नेपाः राष्ट्रिय पार्टीका प्रतिनिधि देवानन्द महर्जनले नगरपालिकाको तर्फवात नेपालभाषालाई विकास गर्न महत्वपूर्ण भूमिका खेल्नु पर्नेमा जोड दिनु भयो । नेवाः स्वायत्त राज्य मंकाः परिषद्का अध्यक्ष मण्डलका संयोजक पञ्चलाल महर्जनको सभापतित्वमा भएको सो कार्यक्रममा नयाँ बजेटको विषयमा परिषदका सल्लाहकारहरू टिकार ाम महर्जन, बज्रमुनि बज्राचार्य, कुलबहादुर महर्जनले नगर पलिकाको बजेट कीर्तिपुरका सम्पूर्ण क्षेत्रलाई समेत्ने गरी योजना बनाउनु पर्नेमा जोड दिनु भएको थियो ।

परिषद्को अध्यक्ष मण्डलका सदस्य नजरराम महर्जनले परिषदको तर्फवाट प्रस्तावित बजेट, नीति तथा कार्यक्रम प्रस्तूत गर्नु भएको सो कार्यक्रममा विभिन्न क्षेत्रमा क्रियाशिल कीर्तिपुरवासीहरू दिल बहादुर महर्जन, बैकुण्ठ महर्जन, रामभोला महर्जन, रवि द्यःला, ज्ञानेन्द्र महर्जन, महन्त महर्जन, नरेन्द्र महर्जन, सुनिता महर्जन, केशरत्न महर्जन, सुरेन्द्र महर्जन, न्हूच्छेमाया महर्जन, सुवर्ण महर्जन, दिपक महर्जन, कीर्तिपुर नगरपालिकाका कर्मचारी अनुज प्रधान लगायतले आ–आफ्नो धार णा राख्नु भएको थियो । परिषद्का अध्यक्ष मण्डलका सदस्य राममान सिंहले स्वागत मन्तव्य दिनु भएको सो कार्यक्रम सचिव श्रीकृष्ण महर्जनले संचालन गर्नु भएको थियो भने अध्यक्ष मण्डलका सदस्य कृष्णहरी महर्जनले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

अदालतवाट सफाई पाएका नजररामलाई स्वागत

कीर्तिपुर/सन्देश

नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुरका अध्यक्ष मण्डलका सदस्य नजरराम महर्जनलाई गत शनिवार एक समारोह वीच स्वागत तथा बधाई ज्ञापन गर्ने कार्यक्रम सम्पन्न भएको छ ।

९ महिना सम्म कारागार जीवन बिताएर अदालत वाट सफाई पाउनु भएका महर्जनलाइ एक समारोह वीच कीर्तिपुरका सभासद एवं माओवादीका नेता मंकाः परिषद्का सल्लाहकार दिलिप महर्जनले टिका लगाई स्वागत गर्नु भएको थियो । सो कार्यक्रममा परिषद्का सल्लाहकारहरू डा. शिवशर ण महर्जन, कुलबहादुर महर्जन, टिकाराम महर्जन, सुजिन्द्र महर्जन, परिषद्का अध्यक्ष मण्डलका संयोजक पञ्चलाल महर्जन, अध्यक्ष मण्डलका सदस्यहरू राममान सिंह र कृष्णहरी महर्जनले टिका लगाई स्वागत गर्नु भएको थियो ।

कार्यक्रममा मंकाः परिषद् अध्यक्ष मण्डलका सदस्य नजरराम महर्जनले भन्नु भयो 'मलाई झुठो आरोपमा फसाईएकोमा अदालतले सफाई दिंदा नेपालमा अझै न्याय बाकि रहेछ भन्ने अनुभूति भएको छ । विगतमा जस्तै समाजसेवा र नेवाः आन्दोलनमा सक्रिय रहने छु ।'

शिरीष महर्जन

हार्दिक बधाई

मेरो नातिनी सुशिला महर्जन र ज्वाई राजभाई महर्जनको सुपुत्री शिरीष महर्जन २०६७ सालको एसएलसी परिक्षामा ९२.५० प्रतिशत अंक ल्याई काठमाण्डौं दक्षिण भेगीय क्षेत्रमा सर्वोकृष्ट हुन सफल भएकोमा हार्दीक बधाई तथा उत्तरोतर प्रगतिको कामना गर्दछौं।

जिजु हजुर आमा
नानीमाया महर्जन
(देबढोका, कीर्तिपुर)

हजुर आमा
दुरु कुमारी महर्जन

काका हजुर बा/ आमा
हिराबहादुर महर्जन
थिकेमैं महर्जन

मामा/माइजू
सरद कुमार महर्जन
कमला महर्जन

मामा/माइजू
सुनिल महर्जन
राज्यलक्ष्मी महर्जन

दाई : निरज महर्जन, सुरोज महर्जन
भाई/ बहिनी
एलेक्श महर्जन, सोयम महर्जन
सलिमा महर्जन, निकिता महर्जन

मामा/माइजू
अमीर महर्जन
लक्ष्मी शोभा महर्जन

मामा /माइजू
कविर महर्जन
सविना महर्जन

सानी आमा/बा
समीता महर्जन
सजित महर्जन

अन्ततः अन्जुले आत्महत्या गरेको ठहर

कीर्तिपुर सन्देश/ असार १० गते पुष्प सदन स्कूलमा कक्षा १०मा अध्ययनरत विद्यार्थी मञ्जु अर्यालले आत्महत्या गरेको खवर ले कीर्तिपुर क्षेत्रमा निकै हल्लाखल्ला मच्चाएको थियो। टि.भी. च्यानलले पनि विभिन्न आशंका गरी अनर्गल प्रचारवाजी गरेको थियो ।

असार १० गते शुक्रवार होस्टेलका छात्राहरूको नुहाउने दिन भएकोले सबै छात्राहरू नुहाउन गए । तर अन्जुले पेट दुखेको बहाना गरी नुहाउन नगैकन एक्लै कोठामा बसिरहिन । पछि कोठाको ढोका खोल्न खोज्दा ढोका नखुलेपछि खैलाबैला मच्चियो । ढोका तोडेर भित्र पस्दा मञ्जु तन्नाको पासो बनाई बेरिएको अवस्थामा भेटियो । छामेर हेर्दा शरीर तातै रहेकोले बचाउन सकिने आशामा नजिकको कीर्तिपुर अस्पतालमा लगेको थियो । अस्पतालले मृत घोषित गऱ्यो । त्यसपछि प्रहरी आए। पोष्टमार्टमको लागि शिक्षण अस्पताल महाराजगंज लगिएको थियो ।

असार १२ गते अस्पतालले पोष्टमार्टम रिपोर्ट प्रहरी प्रभाग हनुमान ढोकामा पठाएको थियो । तैपनि पिडित पक्षले लाश बुझ्न मानिरहेको थिएन । असार १३ गते प्याब्सनको केन्द्रिय कार्यालय डिल्लीबजारमा बसेको संयुक्त बैठकले गरेको सहमतिलाई १४ गते पुन: लेबोरेटरी उच्च मा.वि.मा बसेर अन्तिम निर्णय भयो । पिडीत पक्ष र पुष्पसदन बीच भएको सम्झौता अनुसार पिडित मनोहरी अर्यालका अरू तीन जना सन्तानहरू छोरी अनीता र आयुषा र छोरा आशुतोष अर्याललाई फर्पिङको कार्डिनल इन्टरनेशनल स्कुलमा कक्षा १० सम्म पढाउन लाग्ने खर्च सबै पुष्पसदनले व्यहोर्ने । रु.तीन लाखको संरक्षण कोष खडा गर्ने सहमति भएको एसआर प्याब्सन कीर्तिपुरका अध्यक्ष दिलमान महर्जनले बताउनु भयो ।

हिलटाउनमा बधाई तथा अभिनन्दन

कीर्तिपुर सन्देश/ वि.सं.२०४९ सालमा स्थापना भएको हिलटाउन स्कूलले २०५४ सालदेखि आफ्ना विद्यार्थीहरूलाई एस.एल.सी. परीक्षामा सहभागी गराएका थिए । २०५९ सालदेखि प्लस टु संचालन गरेको थियो। हाल शैक्षिक सामुदायिक गुठिमा परिणत भएको हिलटाउन स्कूलले यसपाली १४ औं समुह विद्यार्थी शतप्रतिशत पास गराउन सफल भएको थियो ।

गत असार १६ गते विहिवार विद्यालय व्यवस्थापन समितिको अध्यक्ष श्री हिराकाजी महर्जनको सभापतित्वमा शिक्षामन्त्री गंगालाल तुलाधरको प्रमुख आतिथ्यमा 'बधाइ तथा अभिनन्दन कार्यक्रम' सम्पन्न भयो । शिक्षामन्त्री गंगालाल तुलाधरले एस.एल.सी. परीक्षा २०६७ मा पास हुन सफल हुनु भएका विद्यार्थीहरूलाई बधाइ दिदै फलामे मानिएको परीक्षामा २३ जना विशिष्ट श्रेणीमा र ३३ जना प्रथम श्रेणीमा पास गराउन सफल भएकोमा हिलटाउन स्कूललाई पनि बधाई दिदै आजको जमानामा बोर्डिंग स्कूलको कमाउने होडवाजी चलिरहेको बेलामा पनि यस संस्थालाई जनताको सम्पत्ति बनाउनु विद्यालय व्यवस्थापन समितिको उदार मनको परिचय हो भन्नुभयो ।

अतिथी कीनपाका कार्यकारी अधिकृत अञ्जन न्यौपानेले विद्यालय शैक्षिक सामुदायिक गुठिमा गैसकेकोले यस विद्यालयलाई सहयोग गर्न नगरपालिका हरदम तयार रहने बताउनु भयो ।

सभापतिको आशनबाट श्री हिराकाजी महर्जनले भन्नुभयो, "विद्यालय आजको यो स्थितिमा पुग्नुमा शिक्षक/शिक्षिका, व्यवस्थापन समिति र कीर्तिपुरका वासिन्दाको उतिकै सहयोग र योगदान रहेको छ । सस्तो शुल्कमा स्तरीय शिक्षा दिनु हाम्रो लक्ष्य हो । यस विद्यालयका शिक्षक/शिक्षिका, व्यवस्थापन समितिका पदाधिकारीहरूको बालबच्चाहरू सबै यहि विद्यालयमा पढेर गएका हुन । आफ्ना बच्चा पढ्ने विद्यालयको पढाईस्तरमा सबैको ध्यान जानुनै हाम्रो सफलता हो ।"

राराहिल मा बधाई तथा सम्मान कार्यक्रम

कीर्तिपुर सन्देश/कीर्तिपुरका वीर सहिदहरूको सम्झनामा स्थापित भएर सार्वजनिक शैक्षिक गुठिमा परिणत भैसकेको राराहिल स्कूलले यहि असार १८ गते २०६७ सालको प्रवेशिका परीक्षामा उतिर्ण हुन सफल भएका विद्यार्थीहरूलाई बधाई तथा विदाई कार्यक्रमको आयाजना गरियो ।

उक्त कार्यक्रम सभासद दिलिप महर्जनको प्रमुख आतिथ्य र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सूर्यबज्र बज्राचार्यको सभापतित्वमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा राराहिल मेमोरियल गुठीका महानुभवाहरू, कीर्तिपुरका राजनैतिक पार्टीका नेताहरू, पेट्सानका पदाधिकारीहरू,विद्यालय निरिक्षक,श्रोत व्यक्ति, अभिभावकहरूको व्यापक उपस्थिति रहेको थियो ।

प्रमुख अतिथी दिलिप महर्जनले उतिर्ण विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुभयो भने ९२.५० प्रतिशत अंक ल्याउने शिरीष महर्जनलाई प्रिन्सिपल नारायण महर्जनले तामाको प्रशंसा पत्र प्रदान गर्नुभयो । ९० वा सोभन्दा बढी प्रतिशत अंक ल्याउनु हुने शिरीष महर्जन, प्रतिमा सुवेदी र मलिका महर्जनलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यबज्र बज्राचार्यले नगद प्रदान गर्नुभयो ।

त्यस्तै राराहिल एल्मोनियम एसोसियसन द्वारा पनि प्रत्येक उतिर्ण विद्यार्थीहरूलाई अध्यक्ष आकाश महर्जनले प्रशंसा पत्र प्रदान गर्नुभयो ।

उक्त अवसरमा प्रमुख अतिथि दिलिप महर्जनले सबैलाई बधाई दिदै भन्नुभयो, 'परीक्षामा उतिर्ण हुनु मात्र ठूलो कुरा होइन। देशप्रति माया हुनु ठुलो कुरो हो ।'

उहाँले यहाँका तीनवटा सामुदायीक विद्यालयहरू राराहिल, हिलटाउन र पांगा मा.वि. पार दर्शि, सहभागिता मुलक हिसावले अघि बढ्नु पर्ने सल्लाह पनि दिनु भयो । सभापतिको आसनबाट सूर्य बज्र बज्राचार्यले उतिर्ण विद्यार्थीहरू लाई बधाई तथा शुभकामना दिदै शत प्रतिशत विद्यार्थी उतिर्ण भएकोमा खुशी व्यक्त गर्दै विद्यालयमा सहभागीतामुलक पार दर्शिता पनि हुने जानकारी दिनु–भयो ।

प्रिन्सिपल नारायण महर्जनले २०६८ सालको एसएलसी परीक्षामा सामेल हुने विद्यार्थीहरूलाई ९२.५० प्रतिशत अंकको रिकर्ड टोडेर नयाँ रिकर्ड राख्न हौसला प्रदान गर्नुभयो। कार्यक्रमको बीच बीचमा सांगितिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो ।

उक्त कार्यक्रम राराहिल एल्मुनाइ एसोसियशनका सदस्यहरू निश्चल महर्जन र प्रतिक्षा सुवेदीले संचालन गर्नु भएको थियो ।

नागरिक अनुगनम समिति गठन

कीर्तिपुर/सन्देश

नेवा: स्वायत्त राज्य मंका: परिषद् कीर्तिपुरको आयोजनामा गत शनिवार भएको कार्यक्रमवाट कीर्तिपुर नगरपालिकाले गर्ने काम नागरिक स्तरवाट अनुगमन गर्न कीर्तिपुर इन्जिनियरिङ समाजको नेतृत्वमा नागरिक अनुगमन समिति गठन गरेको छ ।

सो नागरिक अनुगमन समितिको सदस्यहरूमा कृष्णहरी महर्जन, टिकाराम महर्जन, बज्रमुनि बज्राचार्य, प्रणय सिंह मुना, केशरत्न बज्राचार्य र न्हूच्छेमाया महर्जन रहनु भएको छ। नगरपलिकाले गर्ने विकास निर्माण लगायतका कामहरू गुणस्तरहिन भएको र अनियमितता भएको जनस्तरवाट आवाज आइरहेको सन्दर्भमा मंका: परिषद्ले सो अनुगमन समिति गठन गरेको हो ।

नागरिक अनुगम समितिले नगरपालिकाको तर्फवाट हुने सवै खाले काम कारवाहीको अनुगमन गरी जनताको सामु ल्याउने र आवश्यकता अनुसार सुधारका लागी दल र नगरपालिकालाई दबाव दिने नेवा: स्वायत्त राज्य मंका: परिषद् कीर्तिपुरले जनाएको छ ।

हार्दिक बधाई

शिरीष महर्जन

बन्दना अमात्य ६३ ५

सृजना महर्जन ६३ ५

मधुनानी महर्जन ६१.५५

यस किपू बचत तथा ऋण सहकारी संस्था लि.द्वारा संचालित कीर्तिपुर गृहिणी महिला विद्यालयबाट २०६७ सालको एस.एल.सी. परिक्षामा प्रथम श्रेणीमा पास हुनु भएका दिदी बहिनी छात्राहरू र यस संस्थाका बाल सदस्य मध्ये रार ाहिल मेमोरियल स्कूलकी कीर्तिपुर क्षेत्रबाट नै सर्वोत्कृष्ट ९२.५० प्रतिशत अंक ल्याउन सफल हुने शिरीष महर्जन लगायत यस संस्थाका सदस्यज्यूहरूका छोरा छोरीहरू २०६७ सालको एस.एल.सी. परिक्षामा सफल हुनु हुने सम्पूर्ण परिक्षार्थीहरूलाई यस संस्थाको तर्फबाट हार्दिक बधाई एवं भविष्यको उत्तरोत्तर प्रगतिको कामना गर्दछ ।

किपू बचत तथा ऋण सहकारी संस्था लि.
किपू –६, समल ढोका, कीर्तिपुर काठमाडौं , फोन नं ४३३२६९९

कीर्तिपुर गृहिणी महिला विद्यालय
किपू –६ समल टोल